# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५२) काठमाडौं, साउन २२ गते २०५९ साल (अतिरिक्ताङ्क ३७

## भाग २

### श्री ५ को सरकार

### कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवको शासनकालको पहिलो वर्षमा संसदले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

२०५९ सालको ऐन नं. ५

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत वीरेन्द्रमाला महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम महागौरवमय सुप्रदीप्त वीरेन्द्रप्रजातन्त्रभास्कर परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# वित्तीय मध्यस्थताको काम गर्ने संस्था सम्बन्धी ऐन, २०५५ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावना : वित्तीय मध्यस्थताको काम गर्ने संस्था सम्बन्धी ऐन, २०५५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवको शासनकालको पहिलो वर्षमा संसदले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "वित्तीय मध्यस्थताको काम गर्ने संस्था सम्बन्धी (पहिलो संशोधन) ऐन, २०५८" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. वित्तीय मध्यस्थताको काम गर्ने संस्था सम्बन्धी ऐन, २०५५ को प्रस्तावनामा संशोधन : वित्तीय मध्यस्थताको काम गर्ने संस्था सम्बन्धी ऐन, २०५५ (यसपछि "मूल ऐन" भनिएको) को प्रस्तावनामा रहेका "आय तथा रोजगारीमूलक व्यवसायमा" भन्ने शब्दहरुको सट्टा "लघुव्यवसायमा" भन्ने शब्द र "लघुकर्जा उपलब्ध गराउन" भन्ने शब्दहरुको सट्टा "लघुबचत सङ्कलन गर्न तथा लघुकर्जा उपलब्ध गराउन" भन्ने शब्दहरु राखिएका छन् ।

३. मूल ऐनको दफा २ मा संशोधन : मूल ऐनको दफा २ को,-

(१) खण्ड (क) मा रहेका "ऐन बमोजिम" भन्ने शब्दहरुपछि "लघुबचत सङ्कलन गर्ने तथा" भन्ने शब्दहरु थपिएका छन् ।

(२) खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छ :-

"(ख) "संस्था" भन्नाले संस्था दर्ता ऐन, २०३४ अन्तर्गत दर्ता भई यस ऐन बमोजिम वित्तीय मध्यस्थताको काम गर्न अनुमतिपत्र प्राप्त संस्था सम्झनु पर्छ ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) खण्ड (ङ) को सट्टा देहायको खण्ड (ङ) राखिएको छ :-

"(ङ) "लघुव्यवसाय" भन्नाले दशजनाभन्दा कम व्यक्ति काममा संलग्न भई सञ्चालन हुने आयमूलक व्यवसाय सम्झनु पर्छ।"

(४) खण्ड (ज) पछि देहायको खण्ड (ज१) थपिएको छ :-

"(ज१) "लघुबचत" भन्नाले संस्थाको सदस्य रहेका न्यून आय भएको व्यक्ति वा व्यक्तिहरुको समूहबाट बैङ्कले समय समयमा तोकिदिए बमोजिम संस्थाले सङ्कलन गर्ने बचत रकम सम्झनु पर्छ।"

(५) खण्ड (झ) को सट्टा देहायको खण्ड (झ) राखिएको छ :-

"(झ) "लघुकर्जा" भन्नाले लघुव्यवसाय सञ्चालन गर्न बैङ्कले समय समयमा तोकिदिए बमोजिमको सीमासम्म संस्थाले प्रदान गर्ने कर्जा सम्झनु पर्छ।"

४. मूल ऐनको दफा ३ मा संशोधन : मूल ऐनको दफा ३ को "अनुमतिपत्र नलिई" भन्ने शब्दहरुपछि "यस ऐन बमोजिम" भन्ने शब्दहरु थपिएका छन्।

५. मूल ऐनको दफा ५ मा संशोधन : मूल ऐनको दफा ५ को,-

(१) उपदफा (३) मा रहेका "अनुमतिपत्र दिंदा" भन्ने शब्दहरुपछि "वा अस्वीकृत भएको जानकारी दिंदा" भन्ने शब्दहरु थपिएका छन्। सोही दफामा रहेका "तीस दिन" भन्ने शब्दहरुको सट्टा "बढीमा पचहत्तर दिन" भन्ने शब्दहरु राखिएका छन्।

(२) उपदफा (४) झिकिएको छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६. मूल ऐनको दफा ७ मा संशोधन : मूल ऐनको दफा ७ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ :-

"(१) संस्थाले प्रत्येक दुई वर्षमा तोकिए बमोजिम बैङ्कबाट अनुमतिपत्र नवीकरण गराउनु पर्नेछ ।"

७. मूल ऐनको दफा ८ मा संशोधन : मूल ऐनको दफा ८ को,-

(१) खण्ड (क) पछि देहायको खण्ड (क१) थपिएको छ :-

"(क१) समूह वा समूह सदस्यबाट लघुबचत सङ्कलन गर्ने,"

(२) खण्ड (ग) मा रहेको "बैङ्क" भन्ने शब्द अघि "श्री ५ को सरकार वा" भन्ने शब्दहरु थपिएका छन् र सोही खण्डको प्रतिबन्धात्मक वाक्यांशको सट्टा देहायको प्रतिबन्धात्मक वाक्यांश राखिएको छ :-

"तर संस्थाले विदेशी संघ, संस्था आदिबाट ऋण, अनुदान वा जुनसुकै सहयोग प्राप्त गर्दा बैङ्क मार्फत श्री ५ को सरकारको स्वीकृति लिनु पर्नेछ ।"

(३) खण्ड (छ) मा रहेका "लघुकर्जा परिचालन" भन्ने शब्दहरु अघि "लघुबचत तथा" भन्ने शब्दहरु थपिएका छन् ।

(४) खण्ड (झ) मा रहेका "आवश्यक निर्देशन दिने" भन्ने शब्दहरु पछि "वा आवश्यक कारबाही गर्ने" भन्ने शब्दहरु थपिएका छन् ।

(५) खण्ड (ञ) मा रहेका "लघुकर्जा" भन्ने शब्द अघि "लघुबचत सङ्कलन तथा" भन्ने शब्दहरु थपिएका छन् ।

(६) खण्ड (ञ) पछि देहायको खण्ड (ट) थपिएको छ :-


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"(ट) वाणिज्य बैङ्क तथा वित्तीय संस्थाको एजेण्ट भई काम गर्ने ।"

८. मूल ऐनको दफा ९ मा संशोधन : मूल ऐनको दफा ९ मा रहेका "बैङ्कले संस्थासंग" भन्ने शब्दहरुपछि "लघुबचत तथा" भन्ने शब्दहरु थपिएका छन् ।

९. मूल ऐनको दफा ११ मा संशोधन : मूल ऐनको दफा ११ को, -

(१) उपदफा (४) मा रहेको "ऋणीलाई" भन्ने शब्दको सट्टा "व्यक्तिलाई" भन्ने शब्द राखिएको छ ।

(२) उपदफा (५) मा रहेका "लिलाम बिक्री गर्दा कसैले नसकारेमा" भन्ने शब्दहरुपछि "तोकिए बमोजिम" भन्ने शब्दहरु थपिएका छन् ।

१०. मूल ऐनको दफा १४ मा संशोधन : मूल ऐनको दफा १४ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ :-

"(१) संस्थाले लघुबचत तथा लघुकर्जामा दिने, लिने ब्याज राष्ट्र बैङ्कको नीति निर्देशनका अधीनमा रही आफैं निर्धारण गर्नेछ । संस्थाद्वारा यसरी ब्याजदर निर्धारण गरिएको सात दिनभित्र सोको जानकारी बैङ्कलाई दिनु पर्नेछ ।"

११. मूल ऐनको दफा १५ मा संशोधन : मूल ऐनको दफा १५ मा रहेका "आय तथा रोजगारीमूलक व्यवसाय तथा लघुकर्जाको" भन्ने शब्दहरुको सट्टा "लघुबचत तथा लघुकर्जाको" भन्ने शब्दहरु राखिएका छन् र सोही दफाको अन्तिम हरफमा रहेका "तोकिए बमोजिमको" भन्ने शब्दहरु झिकिएका छन् ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१२. मूल ऐनको दफा १७ मा संशोधन : मूल ऐनको दफा १७ को उपदफा (२) मा रहेको "कर्मचारीको" भन्ने शब्द अघि "संस्था तथा" भन्ने शब्दहरु थपिएका छन् ।

१३. मूल ऐनको दफा १८ मा संशोधन : मूल ऐनको दफा १८ को उपदफा (१) को,-

(१) खण्ड (ख) मा रहेको "ऋणीलाई" भन्ने शब्द अघि "बचतकर्ता तथा" भन्ने शब्दहरु थपिएका छन् ।

(२) खण्ड (ङ) मा रहेका "प्राप्त रकम लघुकर्जाको काममा नलगाएको" भन्ने शब्दहरुको सट्टा "प्राप्त रकम यस ऐनको उद्देश्य विपरीतको काममा लगाएको" भन्ने शब्दहरु राखिएका छन् ।

१४. मूल ऐनको दफा १९ मा संशोधन : मूल ऐनको दफा १९ को,-

(१) उपदफा (१) मा रहेका "कुनै संस्थाले दफा १८ बमोजिम दिएको निर्देशनको बारम्बार उल्लङ्घन गरेमा वा देहायको कुनै काम कारबाही गरेमा बैङ्कले त्यस्तो संस्थाको अनुमतिपत्र खारेज गर्न सक्नेछ" भन्ने शब्दहरुको सट्टा "कुनै संस्थाले दफा १८ बमोजिम दिएको निर्देशनको उल्लङ्घन गरेमा बैङ्कले सुधारका लागि सचेत गराउन वा सो संस्थाको कुनै कार्यमा बन्देज लगाउन सक्नेछ । यस्तो निर्देशनको तीन पटक उल्लङ्घन गरेमा वा देहायको कुनै काम कारबाही गरेमा बैङ्कले त्यस्तो संस्थाको अनुमतिपत्र निलम्बन वा खारेज गर्न सक्नेछ" भन्ने शब्दहरु राखिएका छन् ।

(२) खण्ड (ग) पछि देहायको खण्ड (घ) थपिएको छ :-

"(घ) संस्था दर्ता ऐन, २०३४ र यस ऐनको दफा ७ बमोजिम नवीकरण नगराएमा ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१५. मूल ऐनको दफा २१ मा संशोधन : मूल ऐनको दफा २१ को सट्टा देहायको दफा २१ राखिएको छ :-

"२१. वित्तीय मध्यस्थताको कामबाट फुर्सद लिन दिने : कुनै संस्थाले वित्तीय मध्यस्थताको काम गर्नबाट फुर्सद पाउँ भनी बैङ्क समक्ष निवेदन दिएमा त्यस्तो संस्थाले तिर्नुपर्ने सम्पूर्ण दायित्व चुक्ता गरेको देखिएमा बैङ्कले त्यस्तो संस्थालाई वित्तीय मध्यस्थताको काम गर्नबाट फुर्सद दिन सक्नेछ ।

तर त्यस्तो संस्थाले सम्पूर्ण दायित्व चुक्ता गर्न नसकेको अवस्थामा बैङ्कले त्यस्तो संस्थालाई वित्तीय मध्यस्थता सम्बन्धी काम गर्नबाट रोक लगाई संस्था दर्ता ऐन, २०३४ बमोजिम सो संस्थाको जायजेथाबाट दायित्व भुक्तानी गर्नको लागि श्री ५ को सरकार समक्ष लेखी पठाउनु पर्नेछ ।"

१६. मूल ऐनमा दफा २१ क. थप : मूल ऐनको दफा २१ पछि देहायको दफा २१ क. थपिएको छ :-

"२१क. पदाधिकारीको घरघरानाबाट असुलउपर गरिने : संस्थाको कुनै पदाधिकारीले व्यक्तिगत स्वार्थ वा यस ऐनको उद्देश्य विपरीत बदनियतपूर्ण तरिकाले वित्तीय मध्यस्थताको काम कारबाही गरे गराएमा वा संस्थाको रकम हिनामिना गरेमा बैङ्कले त्यस्तो पदाधिकारीको घरघराना वा उसको नाम र स्वामित्वमा नेपाल अधिराज्यमा रहेका चल अचल सम्पत्तिबाट त्यस्तो हिनामिना भएको रकम असुलउपर गर्ने गराउनेछ ।"

१७. मूल ऐनको दफा २४ मा संशोधन : मूल ऐनको दफा २४ को, -

(१) दफा शीर्षकमा रहेका "लघुकर्जा सम्बन्धी कोष" भन्ने शब्दहरुको सट्टा "संस्थाको कोष" भन्ने शब्दहरु राखिएका छन् ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा (१) को,-

(क) शुरुमा रहेका "संस्थाको लघुकर्जा सम्बन्धी" भन्ने शब्दहरुको सट्टा "संस्थाको" भन्ने शब्द राखिएको छ ।

(ख) खण्ड (क) मा रहेको "बैङ्क" भन्ने शब्द अघि "श्री ५ को सरकार वा" भन्ने शब्दहरु थपिएका छन् ।

(ग) खण्ड (क) पछि देहायका खण्ड (क१) र (क२) थपिएका छन् :-

"(क१) लघुबचत सङ्कलन गरी प्राप्त गरेको रकम,

(क२) वाणिज्य बैङ्क वा वित्तीय संस्थाबाट प्राप्त गरेको रकम,"

(३) उपदफा (२) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छ :-

"तर लघुबचतबाट सङ्कलन भएको तथा लघुकर्जाको लागि प्राप्त रकम अन्य प्रयोजनको लागि खर्च गर्न पाइने छैन ।"

(४) उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छ :-

"(३) कोषको रकम कुनै वाणिज्य बैङ्क वा वित्तीय संस्थामा खाता खोली जम्मा गरिनेछ र त्यस्तो खाताको सञ्चालन तोकिए बमोजिम हुनेछ ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

605

(५) उपदफा (३) पछि देहायको उपदफा (४) थपिएको छ :-

"(४) संस्थाले तत्काल लघुकर्जा प्रवाह गर्न सक्ने स्थिति नभएको खण्डमा बैङ्कको स्वीकृति लिई बढीमा छ महिनासम्मको लागि आवधिक निक्षेपमा लगानी गर्न सक्नेछ।"

१८. मूल ऐनको दफा २५ मा संशोधन : मूल ऐनको दफा २५ को उपदफा (२) मा रहेका "वा बैङ्कको धितोपत्रमा" भन्ने शब्दहरुपछि "वा वाणिज्य बैङ्क वा वित्तीय संस्थाको आवधिक निक्षेपमा" भन्ने शब्दहरु थपिएका छन्।

१९. मूल ऐनको दफा २६ मा संशोधन : मूल ऐनको दफा २६ को उपदफा (१) मा रहेको "दर्तावाला" भन्ने शब्दको सट्टा "मान्यता प्राप्त" भन्ने शब्दहरु राखिएका छन्।

२०. मूल ऐनको दफा ३२ मा संशोधन : मूल ऐनको दफा ३२ मा रहेका "आय व्ययको" भन्ने शब्दहरुको सट्टा "नाफा नोक्सानको" भन्ने शब्दहरु राखिएका छन् र सोही दफामा रहेका "वार्षिक प्रतिवेदन" भन्ने शब्दहरु अघि "प्रारम्भिक" भन्ने शब्द थपिएको छ।

२१. मूल ऐनमा दफा ३३ क. थप : मूल ऐनको दफा ३३ पछि देहायको दफा ३३ क. थपिएको छ :-

"३३क. गाभ्न वा गाभिन सक्ने : (१) संस्था दर्ता ऐन, २०३४ मा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिम वित्तीय मध्यस्थताको काम गरिरहेको संस्थाको साधारण सभामा उपस्थित सदस्य संख्याको दुई तिहाई सदस्यहरुले अर्को संस्था आफूमा गाभ्न वा आफ्नो संस्था अरुमा गाभिने प्रस्तावमा समर्थन गरेमा सो प्रस्ताव साधारण सभाबाट पारित भएको मानिनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर यस ऐन बमोजिम वित्तीय मध्यस्थताको काम नगरेको संस्थासंग गाभ्ने वा गाभिने गरी प्रस्ताव पारित गर्न पाइने छैन ।

(२) उपदफा (१) बमोजिम पारित भएको प्रस्ताव गाभिने संस्था दर्ता गर्ने कार्यालय र बैङ्कमा पेश गरी सो कार्यालय र बैङ्कबाट छुट्टाछुट्टै स्वीकृति प्राप्त भएपछि मात्र लागू हुनेछ । यसरी स्वीकृति प्राप्त भएपछि त्यस्तो संस्थाको कानूनी अस्तित्व स्वतः समाप्त भएको मानिनेछ ।

(३) उपदफा (१) बमोजिम गाभिने संस्थाको सम्पत्ति गाभ्ने संस्थामा सर्नेछ र सो संस्थाको सम्पूर्ण दायित्व गाभ्ने संस्थाले व्यहोर्नु पर्नेछ ।"

२२. खारेजी : मूल ऐनको दफा १३, २२, २३ र २७ खारेज गरिएका छन् ।

२३. रुपान्तर : मूल ऐनको ठाउँ ठाउँमा रहेका "आय तथा रोजगारीमूलक व्यवसाय" भन्ने शब्दहरुको सट्टा "लघुव्यवसाय" भन्ने शब्दहरु राखी रुपान्तर गरिएको छ ।

लालमोहर सदर मिति :- २०५९।४।२२।४

आज्ञाले,
उदय नेपाली श्रेष्ठ
श्री ५ को सरकारको सचिव



६०६
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।